# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, पुस १४ गते २०६० साल (संख्या ३७

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी प्रहरी प्रधान कार्यालयले विभिन्न मुलुकहरूबाट आयात गरेको अमेरिकी डलर २,९२,७०४ मूल्य बराबरका तपसील बमोजिमका Control Items मा परेका सामानहरूमा भन्सार महशुल तथा मूल्य अभिवृद्धि कर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं. | सामानको विवरण | परिमाण | मूल्य (अमेरिकी डलर) |
|---|---|---|---|
| १ | निलो ऊनी पाइन्ट कपडा | ३०००० मिटर | २,४९,००० |
| २ | टेरिकटन कमिज कपडा | ३०००० मिटर | ३१५०० |
| ३ | हतकडी सेट | ७२० सेट | १२२०४ |
| | | जम्मा | २,९२,७०४ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी प्रहरी प्रधान कार्यालयले चीनबाट अमेरिकी डलर ३७,१०० मूल्य बराबरका २,८०० थान स्लिपिङ्ग ब्यागहरू आयात गर्ने भएकोले सोमा लाग्ने भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी फ्रान्सस्थित Medicines San's Frontiers नामक संस्थाबाट स्वास्थ्य मन्त्रालयको नाममा उपहार स्वरूप प्राप्त हुने युरो २२,४६१.४८ मूल्य बराबरको औषधी तथा चिकित्सा उपकरणमा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

श्री ५ को सरकारको २०६० साल मंसिर १८ गतेको निर्णयानुसार जल तथा शक्ति आयोगका कार्यकारिणी निर्देशक डा. कुलरत्न भूर्तेललाई मानव अधिकार प्रवर्द्धन केन्द्रको राष्ट्रिय निर्देशक (राजपत्राङ्कित विशिष्ट श्रेणी) पदमा कायम मुकायम मुकरर गरिएको छ ।

आज्ञाले,
लवकुमार देवकोटा
श्री ५ को सरकारको सचिव

---

## भूल सुधार

खण्ड ५२, अतिरिक्ताङ्क ८२(ख) नेपाल राजपत्र भाग ३ मा प्रकाशित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचनामा "खण्ड ५२) काठमाडौं, फागुन २६ गते २०५९ साल (अतिरिक्ताङ्क ८२ (ख)" हुनुपर्नेमा खण्ड ५२) काठमाडौं, फागुन २६ गते २०६० साल अतिरिक्ताङ्क ८२ (ख) हुन गएकोले भूलसुधार गरिएको छ ।

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C-9

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।